त्रिभुवन विश्वविद्यालय

# लुम्बिनी वाणिज्य क्याम्पस

विश्वविद्यालय अनुदान आयोगबाट QAA प्राप्त

## अर्धवार्षिक बुलेटिन

वर्ष ९। अंक १

२०७५(वैशाख, जेष्ठ, आषाढ, श्रावण, भाद्र, आश्विन)

संरक्षक
**मोतीलाल पाण्डे**
अध्यक्ष
**क्याम्पस व्यवस्थापक समिति**

प्रमुख सल्लाहकार
**प्रा. डा. तारा प्र. उपाध्याय**
क्याम्पस प्रमुख


सल्लाहकार
**सह प्राध्यापक विनोद ढुंगाना**
**सहायक क्याम्पस प्रमुख**

प्रधान सम्पादक
**गोपाल प्रसाद पाण्डे**
व्यवस्थापन विभाग प्रमुख

प्रकाशक :
**लुम्बिनी वाणिज्य क्याम्पस, बुटवल**

मुद्रण
**शिरिष अफसेट प्रेस**
बुटवल, कालिकानगर

## शुभकामना



**मोतीलाल पाण्डे**

गुणस्तरीय उच्च शिक्षा प्रदान गर्दै आएको व्यवस्थापन विषयमा विशिष्टकृत क्याम्पस लुम्बिनी वाणिज्य क्याम्पस, बुटवल नेपालकै एक उत्कृष्ट शैक्षिक धरोहर हो भन्ने कुरा हामीले भनिरहनु पर्दैन । विभिन्न स्थानीय संघ-संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरु बाट समेत यस क्याम्पस बाट गुणस्तरीय शैक्षिक संस्था बन्न सकोस भन्ने अपेक्षा राखेको पाइन्छ। सोही अनुसार हामीले हाम्रो क्याम्पसलाई क्रमिक रुपमा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा व्यवस्थापन विषयको विज्ञता तथा त्यसको प्रयोग र महत्व वारे वास्तविकता बुझेर आफ्नो कार्यक्रमहरु तय गरिरहेका छौं। यस क्याम्पसले आफुलाई स्वायतता को माध्यमबाट मानित विश्वविद्यालयमा रुपान्तरण गर्ने दीर्घकालिन सोचका साथ अगाडी बढेको छ। क्याम्पसमा प्राध्यापनरत प्राध्यापक ज्यूहरुको प्राज्ञिक गहनता र कर्मचारीहरुको सवेदनशीलताबाट गति लिएको यस क्याम्पसले व्यवस्थापन विभागका प्रमुख गोपाल प्रसाद पाण्डेको प्रधान सम्पादकत्वमा अर्थ वार्षिक बुलेटिन प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिएर क्याम्पसको उन्नति, प्रगति र भए गरेका शैक्षिक गतिविधिहरु समेत समेटिएको यो बुलेटिनको प्रकाशन कार्यको पूर्ण सफलताको कामना सहित शुभ कामना व्यक्त गर्दछु।

**मोतीलाल पाण्डे**
**अध्यक्ष**
**लु. वा. क्याम्पस व्यवस्थापन समिति**



# क्याम्पस प्रमुखको मन्तव्य



प्रा. डा. तारा प्रसाद उपाध्याय

लुम्बिनी वाणिज्य क्याम्पस, बुटवल नेपाल कै उत्कृष्ट क्याम्पस बन्न सफल भएको र यसको शैक्षिक नेतृत्व लिएर उच्च शिक्षामा आफूलाई पूर्ण जिम्मेवार बनाउन पाएकोमा गौरवको महसुस गरेको छु। व्यवस्थापन विषयमा विशिष्टिकृत यो क्याम्पसले दोस्रो पटक विश्वविद्यालय अनुदान आयोगबाट QAA प्राप्त गरि सकेको छ। पश्चिम नेपालको औद्योगिक एवं व्यापारिक केन्द्र, लुम्बिनी प्रदेशको अस्थायी राजधानी बुटवल नगरमा यहाँका शिक्षाप्रेमी समाजसेवीहरु सक्रियतापूर्वक जुट्न सक्ने व्यक्तित्वहरुबाट जनसहभागितामा स्थापित यस क्याम्पसले सर्वसाधारणमा सुलव र गुणस्तरीय शिक्षा प्रदान गरिरहेको छ । यसै क्रममा क्याम्पसमा भएगरेका शैक्षिक गतिविधिहरुलाई प्रकाशन को माध्यमबाट सम्बन्धित सवैको जानकारीका लागि व्यवस्थापन विभागका प्रमुख गोपाल प्रसाद पाण्डेको प्रधान सम्पादनमा यो वर्ष ९ को अंक १ प्रकाशन हुन लागेकोमा खुसी व्यक्त गर्दछु । यस भन्दा अगाडीका अंकहरु त्रैमासिक रुपमा प्रकाशन हुदै आएकोमा यसै अंक देखि अर्धवार्षिक बुलेटिनको रुपमा प्रकाशन हुने क्रममा रहेको छ । यो अर्ध वार्षिक बुलेटिन ले नियमित प्रकाशन कार्यमा निरन्तरता पाउन सकोस् भन्ने शुभकामना दिन चाहान्छु।

प्रा. डा. तारा प्रसाद उपाध्याय
क्याम्पस प्रमुख

# सम्पादकीय





गोपालप्रसाद पाण्डे

समुदायमा आधरित यस लुम्बिनी वाणिज्य क्याम्पस बुटवलले त्रिभुवन विश्वविद्यालय बाट सम्बन्धन प्राप्त गरी पश्चिम नेपालकै एउटा गुणस्तरीय उच्च शैक्षिक संस्थाको रुपमा आफूलाई पहिचान गराउन सफल भएको छ। यसले सम्बन्धन दिने निकायद्वारा निर्धारित पाठ्यक्रम र स्वयत पाठ्क्रम अनुसार गुणस्तरीय शिक्षामा समर्पित शैक्षिक संस्था भएकोले विद्यार्थी र अभिभावकको ईच्छा, चाहाना र आवश्यकता अनुसार उच्च शिक्षा प्रदान गर्न लागिपरिरहेको छ। पाठ्क्रमले तोकेको भन्दा उत्पादन गर्ने उद्देश्यलले क्याम्पसको आन्तरिक श्रोत र प्रक्रियामा क्रमशः सुधार गुर्नका साथै निर्धारित उद्देश्य प्राप्तिका लागि विद्यमान जन साधनमा प्रभावकारी परिवर्तन ल्याउनुमा क्याम्पसको विशेष योजना रहेको छ।

क्याम्पसले आफ्नो शैक्षिक कार्यक्रम र अतिरिक्त कार्यक्रम अन्तर्गत भए गरेका गतिविधिहरु सम्बिन्धित सरोकारवाला पक्षहरुलाई सूचना प्रवाह गर्ने उद्देश्यले अर्धवार्षिक बुलेटिन प्रकाशन गर्ने जमर्को गरेका छौ । यो पहिलो अकंको रुपमा यहाँहरुको हातसम्म ल्याउने प्रयास गरिएको छ । यसमा यहाहरु सबैको सकारात्मक सोचका साथ क्याम्पसको शैक्षिक गुणस्तर सुधारका लागि ल्याइएका बिविध कार्यक्रमहरु कार्यान्वयन गर्ने क्रम जारी रहेकोले आगामी दिनमा पनि सबै पक्ष र क्षेत्रबाट क्याम्पसको बृहत्तर विकासमा सहयोग, सद्भाव र चासो राखी दिनु हुने छ भन्ने विश्वस लिइएको छ। शैक्षिक क्षेत्रको गुणस्तरीयताले अन्य सबै क्षेत्रको गुणस्तरमा सहयोग पुग्दछ भन्ने कुरा हामी सबैले बुझेका छौ । अन्त्यमा विजयादशी तथा शुभ दिपावली २०७५ को उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं। धन्यवाद।

**गोपालप्रसाद पाण्डे**
**प्रधान सम्पादक**

# वाणिज्यमा नयाँ क्याम्पस प्रमुख

शिक्षा क्षेत्रमा लामो अनुभाव र पटक पटक लुम्बिनी वाणिज्य क्याम्पसको क्याम्पस प्रमुख भई क्याम्पस लाई उचाइमा पुर्याउन सफल प्रा.डा. इश्वर गौतम के नया प्र. को कार्यकाल सकिएसंगै स फल प्रा.डा. इश्वर गौतम को नया प्र. को कार्यकाल सकिएसंगै नयाँ क्याम्पस प्रमुखको नियुक्ति भएको छ । नयाँ क्याम्पस प्रमुखमा प्रा.डा. तारा प्रसाद उपाध्याय को नियुक्ति भए पछि प्रा.डा. इश्वर गौतम निवर्तमान हुनु भएको छ।




मिति २०७५ असार १ गते देखि उहाँको क्याम्पस प्रमुखमा पदवहाली भएको हो । निर्वतमान क्याम्पस प्रमुख प्रा.डा. इश्वर गौतमलाई हार्दिक वधाई एवं धन्यवाद दिदै जननियुक्त क्याम्पस प्रमुख प्रा.डा. तारा प्रसाद उपाध्याय बाट बधाई एव. सफल कार्यकालको शुभकाममना व्यक्त गरिएको थियो। नयाँ क्याम्पस प्रमुखको पदस्थापन समारोहमा क्याम्पस व्यवस्थापक समितिका अध्यक्ष राजेन्द्र प्रसाद वझा निवर्तमान क्याम्पस प्रमुख प्रा.डा. ईश्वर गौतम सहायक क्या. प्र. विनोद ढुगाना, पव्लिक क्याम्पस प्राध्यापक संघ  नेपालका केन्द्रिय अध्यक्ष गोपाल प्रसाद पाण्डे, विभिन्न विभागका नेपालका केन्द्रिय अध्यक्ष गोपाल प्रसाद पाण्डे, विभिन्न विभागका विभागीय प्रमुखहरु कार्यक्रम संयोजकहरु, प्राध्यापक तथा कर्मचारीहरुले बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नु भएको थियो।



**लुम्बिनी वाणिज्य क्याम्पस बुटवलका  नवनियुक्त क्याम्पस प्रमुख प्राध्यापक डा. तारा प्रसाद उपाध्याय  ज्युलाई पद बहाल गराउदै क्याम्पस व्यवस्थापन समितकिा अध्यक्ष राजेन्द्र प्रसाद वझा ज्युले सम्मान गर्दै**

# वाणिज्यमा भू.पू. विद्यार्थी समाजको भूमिका

लुम्बिनी वाणिज्य क्याम्पस बुटवलले शैक्षिक गुणस्तर सुधार गर्दै क्याम्पसलाई शैक्षिक गुणस्तर प्रमाणिकरण गर्नका लागि पहिलो कार्यसमितिको कार्यसम्पादनले पहिलो QAA प्राप्त गर्न सफल भएको थियो भने दोस्रो कार्यसमिति को कार्यसम्पादनले दोस्रो QAA प्राप्त गर्न सफल भएको थियो भने नवनिर्वाचित तेस्रो कार्य समितिले तेस्रो पटक QAA प्राप्त गर्नेछ भने अपेक्षा वर्तमान कार्यसमितिले राखेको छ । र नवनिर्वाचितलाई हार्दिक बधाई सहित शुभकामना व्यक्त गर्दछौं ।

## वर्तमान कार्य समिति



श्री देवेन्द्र प्रसाद ध्वजू
अध्यक्ष



श्री गोपाल प्रसाद पाण्डे
निवर्तमान अध्यक्ष



श्री अनिल प्र. श्रेष्ठ
वरिष्ठ उपाध्यक्ष



श्री विनोद ज्ञवाली
उपाध्यक्ष



श्री टुक ब. क्षेत्री
सचिव



श्री हिमाल गैरे
कोषाध्यक्ष



श्री दिप आचार्य
सह-सचिव



श्री अजय मान श्रेष्ठ
सदस्य



श्री ओम प्रकाश अर्याल
सदस्य



श्री तारा रायमाझी
सदस्य



श्री दिनेश प्र. श्रेष्ठ
सदस्य



श्री बोनिन पिया
सदस्य



श्री नरेश कु. श्रेष्ठ
सदस्य



श्री कृष्ण ब. कार्की
सदस्य

# वाणिज्यमा भू.पू. विद्यार्थी समाजको तेस्रो अधिवेशन सम्पन्न

भू.पू. विद्यार्थी समाज, लुम्बिनी वाणिज्य क्याम्पस, बुटवलको तेस्रो साधारण सभा तथा अधिवेशन सम्पन्न भएको छ । लुम्विनी वाणिज्य क्याम्पसको सेमिनार हलमा आयोजित समाजको सो अधिवेशनको उद्घाटन लुम्बिनी वाणिज्य क्याम्पस, बुटवल का संचालक समितिका अध्यक्ष राजेन्द्र वझा ज्यूले गर्नु भएको थियो । सोहि अवसरमा भू.पू. विद्यार्थी समाज द्वारा प्रकासित स्मारिका-२०७५ को विमोचन समेत गरिएको थियो । सो समारोहका विशिष्ट अतिथि नव नियुक्त क्याम्पस प्रमुख प्रा.डा. तारा प्रसाद उपाध्यायले लुम्विनी वाणिज्य क्याम्पसको भावी योजना तथा रणनीति बारे जानकारी गराउदै क्याम्पस भौतिक पूर्वाधार तथा शैक्षिक गुणस्तर अभिवृद्धि भू.पू. विद्यार्थीहरुको महत्वपूर्ण भूमिका रहेको स्मरण गर्दै आफू भर्खर मात्र क्याम्पस प्रमुख नियुक्त भएको र थुप्रै चुनौतिपूर्ण र अवसर श्रृजना भएका योजनाहरु अगाडि बढाउने सोचमा रहेको जानकारी गराउनु भयो । भू.पू. विद्यार्थी हाम्रा लागि प्रथा प्रदर्शक हुन भने भू.पू. विद्यार्थीहरु संस्था यो समाज वास्तवमा क्याम्पसको समग्र विकासमा साथ दिने संस्था हो । यस समाजका संस्थापक अध्यक्ष गोपाल प्रसाद पाण्डे र वर्तमान अध्यक्ष देवेन्द्र ज्यू शैक्षिक एवं आर्थिक । वित्तिय क्षेत्रमा लिएको अनुभव हाम्रो जस्तो समुदायमा आधारित क्याम्पसको लागि अनुकरणीय हुन्छ भन्ने कुरामा आफू विश्वस्त रहेको बताउनु भयो । कार्यक्रममा प्रमुख अतिथि राजेन्द्र वझाले भोलिका दिनमा यो क्याम्पस हाम्रो भू.पू विद्यार्थीहरले चलाउने हो, यसको गुणस्तर बढाउने हो र क्याम्पसको दीर्घकालिन लक्ष्य स्वायततताको माध्यमबाट मानित विश्वविद्यालय सम्मको यात्रा तय गरेर सो ठाउंमा पुऱ्याउने हो ।

भू.पू. विद्यार्थी समाजको तेस्रो अधिवेशनमा कार्य समितिको तर्फबाट अध्यक्ष देवेन्द्र ढोजुले प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । सो अवसरमा समाजका संस्थापक अध्यक्ष गोपाल प्रसाद पाण्डेले क्याम्पसलाई गुणस्तर प्रमाणिकरण गर्ने क्रममा पहिलो पटक भू.पू. विद्यार्थी भेला तथा प्रथम अधिवेशन गरी सुरु गरेको समाज आज तेश्रो अधिवेशनको चरणका आइपुग्दा हर्षित भएको कुरा व्यक्त गर्दै अझै यसलार्य सक्रिय र स्तरीय तवर बाट अगाी बढाउन सक्रिय रहन र सहयोग गर्न आव्हान गर्नु भएको थियो । भू.पू. विद्यार्थी समाजको यो अधिवेशन बाट अनिल प्रसाद श्रेष्ठ को अध्यक्षतामा नयाँ कार्य समिति गठन गरेको कुरा निर्वाचन आयुक्त-संस्थापक अध्यक्ष गोपाल प्रसाद पाण्डेले जानकारी गराउनु भएको थियो । नवनिर्वाचित अध्यक्ष तथा पदाधिकारी र सदस्य हरुलाई सपथ ग्रहण गराउने काम समेत निर्वाचन आयुक्तले गर्नु भएको थियो ।

## भू. पू. विद्यार्थी समाज, लुम्बिनी वाणिज्य क्याम्पसका नव निर्वाचित समितिका पदाधिकारी तथा सदस्यहरु

| | | |
|---|---|---|
| **अध्यक्ष** | - | अनिल प्रसाद श्रेष्ठ |
| **निवर्तमान अध्यक्ष** | - | देवेन्द्र प्रसाद ढोजु |
| **वरिष्ठ उपाध्यक्ष** | - | बोनिन पिया |
| **उपाध्यक्ष** | - | विनोद ज्ञवाली |
| **सचिव** | - | लालहरी पाण्डे |
| **सहसचिव** | - | विष्णु कुवर |
| **कोषध्यक्ष** | - | मिलन कुमार पुन |
| **सह कोषाध्यक्ष** | - | तारा रायमाझी पोखरेल |
| **सदस्य** | : | लाल चन्द्र श्रेष्ठ |
| **सदस्य** | : | अन्जन कुमार श्रेष्ठ |
| **सदस्य** | : | बुद्धिजीवन भुसाल |
| **सदस्य** | : | नरेश कुमार श्रेष्ठ |
| **सदस्य** | : | नारायण बहादुर क्षेत्री |
| **सदस्य** | : | सुरज क्षेत्री |
| **सदस्य** | : | प्रेम भुर्तेल |
| **सदस्य** | : | अभिषेक भारी |
| **सदस्य** | : | गणेश पोडेल |
| **सदस्य** | : | वासुदेव श्रेष्ठ |
| **सदस्य** | : | कृष्ण थापा बस्नेत |

# लुम्बिनी वाणिज्य क्याम्पसमा हाल काल कार्यरत यसै क्याम्पसका भू.पू. विद्यार्थीहरु

## प्राध्यापक तर्फ

| क्र.सं. | नाम | भू.पू. विद्यार्थी समाजको पद | संपर्क नम्बर |
|---|---|---|---|
| १. | श्री गोपाल प्र. पाण्डे | संस्थापक अध्यक्ष | ९८४७०३३३६१ |
| २. | श्री राजेन्द्र लम्साल | भू.पू. विद्यार्थी | ९८५७०३३४९७ |
| ३. | श्री माधव प्र. नेपाल | भू.पू विद्यार्थी | ९८४७०३३३३० |
| ४. | श्री धन ब. पुन | भू.पू विद्यार्थी | ९८४७०४८९८५ |
| ५. | श्री इन्द्र चापागाई | भू.पू विद्यार्थी | ९८५७०३६७८८ |
| ६. | श्री भरत भुसाल | भू.पू विद्यार्थी | ९८५७०३३९६४ |
| ७. | श्री ललितमान श्रेष्ठ | भू.पू विद्यार्थी | ९८५७०२८७७४ |
| ८. | श्री विदुर ज्ञवाली | भू.पू विद्यार्थी | ९८५७०७७२१४ |
| ९. | श्री इन्जु ज्ञवाली | भू.पू विद्यार्थी | ९८४३११२६५९ |
| १०. | श्री पुष्कर भुसाल | भू.पू विद्यार्थी | ९८५७०३०४०४ |
| ११. | श्री निलकण्ठ ढकाल | भू.पू. विद्यार्थी | ९८४७५४७१९१ |
| १२. | श्री मित्रलाल चापागाई | भू.पू विद्यार्थी | ९८४७०४९३२३ |
| १३. | श्री मेघनाथ खनाल | भू.पू विद्यार्थी | ९८५७०७२३०८ |

## कर्मचारी तर्फ

| क्र.सं. | नाम | भू.पू. विद्यार्थी समाजको पद | संपर्क नम्बर |
|---|---|---|---|
| १. | श्री कपिल देव गौतम | संस्थापक अध्यक्ष | ९८५७०३६५०० |
| २. | श्री ज्योति श्रेष्ठ | भू.पू. विद्यार्थी | ९८४७१९६९४१ |
| ३. | श्री दिपक भट्टराई | भू.पू विद्यार्थी | ९८४७०४४६१४ |
| ४. | श्री श्याम कुँवर | भू.पू विद्यार्थी | ९८४७०४८७२२ |

# हार्दिक आभार व्यक्त गर्दछु

**क्या. प्र. तारा प्रसाद उपाध्याय**



व्यवस्थापन विषयमा विशिष्टिकृत नेपालकै उत्कृट सामुदायिक क्याम्पसको शैक्षिक नेतृत्व गर्दै क्याम्पस प्रमुख जस्तो गरिमामय पदमा मलाई नियुक्त गर्नुहुने क्याम्पस सञ्चालन समिति परिषद सदस्यहरु अभिभावकहरु प्राध्यापक तथा कर्मचारीहरु विद्यार्थी भाई बहिनीहरु र यस लुम्बिनी वाणिज्य क्याम्पस संग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सरोकार राख्ने महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । यहाँहरु सबैले यो क्याम्पसलाई मानित विश्वविद्यालयको रुपमा पुऱ्याउन सहयोग गर्नुहुनेछ भने अपेक्षा लिएको छु। धन्यवाद ॥

# संयुक्त बैठक



मिति २०७५ भाद्र १९ गते क्याम्पस प्रमुख प्रा.डा. तारा प्रसाद उपाध्याय ज्यूको अध्यक्षतामा प्राध्यापक तथा कर्मचारीहरुको संयुक्त बैठक भएको थियो । सो बैठक को मुख्य विषय भनेको कसरी क्याम्पसलाई स्तरीकरण गर्दै गुणस्तरीय र शुलभ, शिक्षा प्रदान गर्न सकिन्छ भन्ने विषयमा रहेको थियो ।

## कर्मचारी-प्राध्यापक संयुक्त बैठक



मिति २०७५ असार २७ गते, लुम्बिनी वाणिज्य क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष मोतीलाल पाण्डे ज्यू को अध्यक्षतामा यस क्याम्पसका प्राध्यापनरत प्राध्यापकहरु र कार्यरत कर्मचारीहरुको संयुक्त बैठक संचालन गरिएको थियो । स्वागत तथा सफलताको कामना गर्ने उद्देश्यले यो बैठक राखिएको हो । नवनियुक्त क्याम्पस प्रमुख तारा उपाध्याय ज्यू को स्वागत तथा वधाई र निवर्तमान क्याम्पस प्रमुख ज्यू लाई हार्दिक धन्यवाद ज्ञापन गरिएको थियो ।

# Quality Circle (QC) गठन

बुटवल २०७५ साल असोज २ गते, लुम्बिनी वाणिज्य क्याम्पस बुटवलमा वि.वि.एस. तेश्रो वर्ष सेक्सन डि विहानी कक्षाको Quality Circle गठन भएको छ । सो कक्षाको लागि कक्षा सुपर भाईजरमा नियुक्त हुनु भएका उप. प्राध्यापक गोपाल प्रसाद पाण्डेको समन्वयमा भएको सो गठन कार्यवाट निम्नानुसार को Quality Circle गठन गरिएको छ ।

(१) संयोजक :(छात्रा तर्फ) : मनरुपा पाण्डे

(२) संयोजक (छात्र तर्फ) : ईश्वर वि.क.

(३) सदस्य : सुस्मिता अर्याल

(४) सदस्य : सौगात तामाङ्ग

(५) सदस्य : जोति पाण्डे

उक्त QC को सुपर भाइजर को भूमिका मा रही विद्यार्थीहरुलाई मार्ग निर्देश गर्ने काम कक्षा शिक्षक द्वारा गर्ने व्यवस्था गरिएको छ । QC मा रहेका साथीहरुले अनुशासन कायम गर्दै अन्य सवै साथीहरुलाई अनुशासन पालना गर्न लगाउने र हाम्रा अभिभावक ज्यूहरुको सपनाहरुलाई साकार पार्ने गरी अध्ययन कार्यमा लाग्नु पर्ने कुरा बताउदै नवगठित QC लाई सफलताको लागि कामना गर्दै बधाई ज्ञापन गरिएको थियो ।


# वाणिज्य क्याम्पस र श्रीराम कलेज अफ कमर्श दिल्ली बिच समझदारी पत्रमा हस्ताक्षर



त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त नेपालकै सर्वोत्कृष्ट सामुदायिक क्याम्पस बुटवलको लुम्बिनी वाणिज्य क्याम्पस (एल.बि.सि.) र युनिर्भसिटी अफ दिल्लीको श्रीराम कलेज अफ कमर्श दिल्ली (एस.आर.सि.सि.) बिच समझदारी पत्रमा हस्ताक्षर भएको छ।

श्रीराम कलेज अफ कमर्श दिल्लीबाट ३ जना प्राध्यापक तथा १२ जना विद्यार्थी सहित शुक्रबार बुटवल आएको टोलीसंग शुक्रबार नै एक कार्यक्रमका बिच समझदारी पत्रमा हस्ताक्षर भएको हो।

समझदारी पत्रमा हस्ताक्षर गर्दै श्रीराम कलेज अफ कमर्श दिल्लीका अर्न्तराष्ट्रिय संयोजक डा. मल्लिका



कुमारले लुम्बिनी वाणिज्य क्याम्पससंग सम्बन्ध गास्न पाएकोमा गौरवान्वित महशुस भएको कुरा बताउनुभयो। साथै यस्ता कार्यक्रमहरुले विद्यार्थीहरुबिच अर्न्तराष्ट्रिय सम्बन्ध, संयुक्त अनुसन्धान परियोजना तथा विद्यार्थीहरुको आत्मबल उच्च हुने कुरा बताउदै लुम्बिनी बाणिज्य क्याम्पसका क्याम्पस प्रमुख प्रा. डा. तारा प्रसाद उपाध्यायले एस.आर.सि.सि.को टोलीलाई बुटवलमा स्वागत गर्न पाएकोमा खुशि लागेको कुरा व्यक्त गर्नुभयो।

यस समझदारी पश्चात आगामी ५ वर्षसम्म एस.आर.सि.सि. र एल.बि.सि.का विद्यार्थीहरुबिच अनुसन्धान परियोजना, संयुक्त प्राध्यापक अनुसन्धान परियोजना जस्ता कार्यक्रमहरु दुबै पक्षले दुबै क्याम्पसमा सञ्चालनका लागि बाटो खुल्नेछ।

सो हस्ताक्षर कार्यक्रममा दुबै कलेजका विद्यार्थीहरु बिच सांस्कृतिक कार्यक्रम आदानप्रदान हुनुका साथै दुबै पक्षका विद्यार्थीहरु दीगो विकासका लक्ष्य २०३० अन्तर्गत छलफल, पोष्टर प्रस्तुतिकरण, तत्काल अभिव्यक्ति लगायतका



क्रियाकलापहरुमा सहभागी भएका थिए।

विद्यार्थी तथा प्राध्यापकहरुलाई अनुसन्धान परियोजनामा सहज हुनुका साथै सहयोगपुर्ण सम्बन्धको कामना सहित दुई शैक्षिक संस्थाविच सम्बन्ध प्रगाढ बन्ने र सहयोगी भावनामा विकास हुने अपेक्षा गरिएको छ।